# राष्ट्रिय प्रकृति संरक्षण कोष
# गौरीशंकर संरक्षण क्षेत्र आयोजना
## प्रधान कार्यालय सिङ्गटी, दोलखा

सूचना नं. ०१..... /०८०/८१

मितिः २०८१/०२/१८

विषय: गौरीशंकर संरक्षण क्षेत्र आयोजनाको छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

राष्ट्रिय प्रकृति संरक्षण कोष गौरीशंकर संरक्षण क्षेत्र आयोजनाले गौरीशंकर संरक्षण क्षेत्रभित्रका तीक्ष्ण, गरिब, जेहेन्दार तथा पिछडिएका बर्गका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनको लागि आर्थिक रुपमा सहजता होस् भन्ने उद्देश्यका साथ चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत गौरीशंकर संरक्षण क्षेत्र आयोजनाको **"छात्रवृत्ति कार्यान्वयन कार्यविधि-२०७९"** बमोजिम यस गौरीशंकर संरक्षण क्षेत्र भित्र स्थायी ठेगाना भई माध्यमिक (१०+२) र स्नातक तहमा नियमित रुपमा अध्यनरत छात्रछात्राहरुलाई छात्रवृत्ति वितरण गर्न गईरहेको हुनाले ईच्छुक विद्यार्थीहरुले मिति २०८१/०२/३२ गते कार्यालय समयभित्र तपसिल बमोजिमको प्रक्रिया अपनाई आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क. छात्रवृतिको प्रकार तथा संख्या निर्धारण

| क्र.सं. | तह | संख्या | कैफियत |
|---|---|---|---|
| १. | माध्यमिक तह (१०+२) | ६ जना | कक्षा ११ र १२ बाट क्रमशः १-१ जना गरीः<br>प्रधान कार्यालय सिङ्गटी, दोलखा अन्तर्गत- २ जना,<br>इलाका संरक्षण कार्यालय, चाकु सिन्धुपाल्चोक अन्तर्गत-२ जना<br>इलाका संरक्षण कार्यालय, शिवालय रामेछाप अन्तर्गत-२ जना |
| २. | स्नातक तह | १ जना | प्रधान कार्यालय सिङ्गटी, दोलाखा- १ जना |

ख. न्युनतम योग्यता र आधारहरु

**माध्यमिक तह(१०+२)को लागि आवेदन दिन न्युनतम योग्यता र आधारहरुः**

१. विद्यार्थी गौरीशंकर संरक्षण क्षेत्रको स्थायी बासिन्दा हुनुपर्नेछ।
२. तीक्ष्ण, गरिब, जेहेन्दार तथा पिछडिएको बर्गको हुनुपर्नेछ।
३. प्राविधिक विषय लिई अध्यनरतलाई विशेष प्राथमिकता दिइनेछ।
४. संरक्षण कार्यालयले छात्रवृति प्रदानको लागि लिइने परिक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ।
५. अन्य संघ-संस्था वा निकायबाट छात्रवृतिका लागि सिफारिस नभएको/नपाएको हुनुपर्नेछ।
६. निम्न कागजातहरु सहित आवेदन पेस गर्नुपर्नेछ।

- एस.ई.ई. (SEE) तथा अघिल्लो कक्षा उत्तीर्ण गरेको लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक पत्रको छायाँ प्रति
- अध्यनरत विद्यालय/कलेजले गरेको सक्कल पत्र।
- भर्ना भएको रसिदको छायाँ प्रति।
- सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समितिले सिफारिस गरेको सक्कल पत्र ।
- निवेदकको हस्ताक्षरित निवेदन।

# राष्ट्रिय प्रकृति संरक्षण कोष
# गौरीशंकर संरक्षण क्षेत्र आयोजना

स्नातक तहको हकमा आवेदन दिन न्युनतम योग्यता र आधारहरु:

१. विद्यार्थी गौरीशंकर संरक्षण क्षेत्रको स्थायी वासिन्दा हुनुपर्नेछ।

२. तीक्ष्ण, गरिब, जेहेन्दार तथा पिछडिएको बर्गको हुनुपर्नेछ।

३. प्राविधिक विषय लिई अध्यनरतलाई विशेष प्राथमिकता दिइनेछ।

४. संरक्षण कार्यालयले छात्रवृति प्रदानको लागि लिइने परिक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ।

५. अन्य संघ-संस्था वा निकायबाट छात्रवृतिका लागि सिफारिस नभएको/नपाएको हुनुपर्नेछ।

६. निम्न कागजातहरु सहित आवेदन पेस गर्नुपर्नेछ।

- माध्यमिक तह (कक्षा ११ र १२) उत्तीर्ण गरेको प्रमाणपत्र (ट्रान्सक्रीप्ट) को प्रमाणित छायाँ प्रति, चारित्रिक पत्रको छायाँ प्रति साथै प्रोभिजनल प्रमाण पत्रको प्रतिलिपि।
- अध्यनरत विश्वविद्यालय/कलेजले स्नातक तहमा अध्यन गरिरहेको खुलेको सक्कल सिफारिस पत्र।
- भर्ना भएको रसिदको छायाँ प्रति।
- सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समितिले सिफारिस गरेको सक्कल पत्र ।
- निवेदकको हस्ताक्षरित निवेदन।

ग. **आवेदन पेश गर्ने स्थानः** गौरीशंकर संरक्षण क्षेत्र आयोजनाको प्रधान कार्यालय सिंगटी, दोलखा।
ईलाका संरक्षण कार्यालय चाकु, सिन्धुपाल्चोक।
ईलाका संरक्षण कार्यालय शिवालय, रामेछाप।

**सम्पर्क नं.:** ०४९-४१०६३ (सिंगटी) ९८५४०४५३३७ (चाकु, सिन्धुपाल्चोक) ९८५१३३५८६७ (शिवालय रामेछाप)

**ईमेल:** gcapdolakha@gmail.com, gcapsindhupalchok@gmail.com, gcapramechhap@gmail.com

नोट:

- मिति नाघी आएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।
- परिक्षा मिति आवेदन प्राप्त भएपश्चात अर्को सूचना जारि गरि तोकिनेछ।

.................................
आयोजना प्रमुख

बोधार्थ:

१. श्री राष्ट्रिय प्रकृती संरक्षण कोष केन्द्रीय कार्यालय खुमलटार, ललितपुरः सूचना कार्यालयको वेवसाइटमा अपलोड गरिदिन हुन।

२. श्री संरक्षण वन व्यवस्थापन समितिहरु दोलखा, रामेछाप र सिन्धुपाल्चोकः सिफारिस गरिदिनुहुन ।